Revised: 01 Jul 2025

# पेन्सनरको मृत्यू भएको खण्डमा बुझाउनु पर्ने कागजातहरु ।

भु.पु. गोर्खाको मृत्यूपश्चात वहाँको श्रीमती, २३ वर्ष मुनिका बच्चाहरु र अपांगता दर्ता भएका बच्चाहरुले पेन्सन प्राप्त गर्न सक्दछन् । यदि भु.पु.को १ भन्दा बढी श्रीमतीहरु छन् भने सबैले बराबर पेन्सन पाउँन हकदार हुन्छन् ।

आमा बाबु दुबैको मृत्यूपछि २३ वर्ष मुनिका बेरोजगार छोराछोरीहरु पेन्सनका हकदार हुन्छन् । सबैभन्दा जेठोले पेन्सन पाउन शुरु गर्छ अनि २३ बर्ष पुग्नासाथ स्वत: उसको पेन्सन रोकिन्छ र यदि अरु भाई बहिनी २३ बर्ष मुनिका छन् भने वेल्फेयर/ GVAC ले उनीहरुको स्थिति बुझी पेन्सनकोलागि सिफारिस गर्दछ । साथसाथै कुनै पनि छोराछोरी अपाङ्ग भनेर दर्ता गरिएको छ भने, बाबु आमाको मृत्यूपछि उनीहरुको स्थिति वेल्फेयरको अफिसर र उहाँको चिकित्सक मार्फत बुझेर आजीवन पेन्सन प्रदान गरिन्छ ।

यसकारण पेन्सनरको मृत्यू पछि चाँडो भन्दा चाँडो सम्बन्धित GVAC अफिसलाई जानकारी दिनु जरुरी हुन्छ जसले मृतकको नाममा बढी पेन्सन जानबाट जोगाउँछ साथै सम्बन्धित एरिया वेल्फेयर अफिस/GVAC मार्फत रेकर्ड अफिस पोखरालाई पनि शीघ्र जानकारी दिनु अत्यावश्यक छ । <u>कागजपत्रहरु निम्नानुसार छन्:</u>

१. रेकर्ड अफिसको आधिकारिक फारम (Appendix 2 to Annex A form) । ☐

२. Annex L – Consent Form । (रहलपहल थाप्ने व्यक्तिको हकमा नचाहिने) ☐

३. भु.पु.वा बिधवा श्रीमतीको लालबुक वा सर्भिस डिटेल्स, पेन्सन पट्टा वा वेल्फेयर कार्डको फोटोकपी । ☐

४. पेन्सनरको नागरिकता, यदि छ भने मतदाता परिचयपत्र, ILE/ILR लागेको पासपोर्ट अथवा SETTLEMENT STATUS । ☐

५. स्थानीय पञ्जिकाधिकारीबाट जारी भएको मृत्यू दर्ताको प्रमाणपत्र । यदि हस्पिटलमा मृत्यू भएको भए हस्पिटलको मृत्यू दर्ताको प्रमाणपत्र । साथै, विदेशको मृत्यू दर्तालाई पनि मान्यता दिइनेछ । ☐

६. विधवाको नेपाली नागरिकता, यदि छ भने मतदाता परिचयपत्र, पासपोर्ट र ILE/ILR/SETTLEMENT STATUS को फोटोकपी समेत । ☐

७. यदि दुवैको मृत्यू भैसकेको हो भने रहलपहल थाप्ने छोरा वा छोरीको नागरिकताको फोटोकपी । यदि भु.पु.को छोराछोरी बाहेक अन्य व्यक्ति हकवाला भएमा वडाको सिफारिस पत्र । ☐

८. यदि पारिवारिक पेन्सनकोलागि योग्य छोराछोरी छ भने उसको नागरिकताको फोटोकपी साथै वडाको सिफारिस पत्र । अपांग बच्चाको हकमा आधिकारिक अपांगता परिचय पत्रको प्रतिलिपि । ☐

९. यदि पारिवारिक पेन्सनकोलागि योग्य व्यक्ति १६ वर्ष मुनिको छोराछोरी हो भने उसको जन्म दर्ताको प्रमाणपत्र अथवा नाबालक परिचय पत्र । ☐

१०. यदि योग्य पेन्सनर (श्रीमती अथवा बच्चा) को नाम, जन्म मिति आदि फरक छन् भने दुबै नाम र जन्म मिति गरेको व्यक्ति एकै हुन् भन्ने वडाको सिफारिस । यदि बिधवा श्रीमती(हरु) को नागरिकतामा जन्म मिति अपुरो छ भने राष्ट्रिय परिचय पत्र वा पासपोर्टको फोटोकपी अनिवार्य छ । ☐

११. यदि पारिवारिक पेन्सन दर्ता नभएको छोरा वा छोरीकोलागि सिफारिस गर्नु छ भने Annex B हेर्नुहोला । ☐

१२. यदि पारिवारिक पेन्सन दर्ता नभएको श्रीमतीको लागि सिफारिस गर्नु छ भने Annex C हेर्नुहोला । ☐

१३. यदि पारिवारिक पेन्सन दर्ता नभएको अपांग बच्चाकोलागि सिफारिस गर्नु छ भने Annex E हेर्नुहोला । ☐

**माथि उल्लेख भएका सबै कागजातहरु पुरा भएपछि सम्बन्धित GVAC/ DVAC/ GWAC/ AWC मा रिपोर्ट गर्नुहोला ।**

**नोट:**
**स्थानीय पञ्जिकाधिकारीबाट जारी भएको मृत्यू दर्ताको प्रमाणपत्रमा मृतकको <u>नागरिकता नम्बर</u> खुलाइएको हुनुपर्नेछ ।**
**यदि आवश्यक परेको खण्डमा भु.पु., बिधवा वा निवेदक स्वयंको निबेदन (Self Application) पनि माग गर्न सकिनेछ ।**

**विस्तृत जानकारीको लागि:**

रेकर्ड अफिस
ब्रिटिश गोर्खाज पोखरा, नेपाल ।

फोन: +९७७ ६१ ५६७२८०
समय: बिहान १०:३० देखि १२:३०
दिउँसो १:३० देखि ३:०० बजे सम्म ।
इमेल: *records@bgp.com.np/*
*BGN-RecordsOfficeGroupMailbox@mod.gov.uk*

| PARTICULARS | VERIFIED (YES/NO) |
|---|---|
| **REPORTING A DEATH OF A PENSIONER – Annex A** | |
| Appendix 2 to Annex A ☐ | |
| Appendix L - Consent Form ☐ only if recommended for OFP | |
| AF B108 ☐ or Service Details ☐ Pensioner ID card (if issued) ☐ Welfare Card ☐ | |
| NPP ☐ Voter's ID Card ☐ Passport☐ ILE/ILR☐ or SETTLEMENT STATUS☐ of veteran (if issued) | |
| National ID if widow's DOB is incomplete ☐ NPP☐ Voter's ID Card ☐ Passport ☐ ILE/ILR☐ or SETTLEMENT STATUS☐ of widow (if issued) | |
| Death Certificate☐ Hospital Death Certificate (if issued) ☐ UK Death Certificate☐ | |
| NPP of child/ disability pensioner ☐ NPP of LTA claimant ☐ | |
| Birth Certificate ☐ Minor ID card ☐ if pension beneficiary is under 16 years | |
| Recommendation from local Government Office for LTA☐ or child pensioner ☐ Or Written consent from potential claimants for LTA ☐ | |
| Aadhar Card of veteran ☐ widow ☐ LTA claimant ☐ (for Indian Domiciled Citizens) | |
| Alias letter ☐ Application requesting to amend if name /DOB of widow differs ☐ | |
| Affidavit ☐ supported by witness declaration ☐ (for Indian Domiciled Citizens) | |
| AF B108 ☐ Aadhar card ☐ voter ID card ☐ of witness | |
| If OFP is recommended to unregistered child – please refer to Annex B | |
| If OFP is recommended to unregistered wife – please refer to Annex C | |
| If OFP is recommended to unregistered disabled child – please refer to Annex E | |